वर्ष २ अंक ७

# कृषि-मौसम सल्लाह सेवा बुलेटिन

जारी मिति: १४ जेठ २०७३

अवधी: १४ जेठ २०७३ - २० जेठ २०७३

जिल्लाहरु: बाँके, रुपन्देही, बारा

(जारी गर्ने:PPCR/BRCH/AMIS project,MOAD; Agricultural Environment Research Division,NARC and Agro-met Section/MFD,DHM)

## मौसमी तथ्यांकहरु

### ३१ बैशाख २०७३ देखि ६ जेठ २०७३ सम्मको मौसमी अवस्था

| मौसमी विवरण | जिल्ला | | |
|---|---|---|---|
| | बाँके | रुपन्देही | बारा |
| कुल वर्षा (मि.मी.) | ०.० | ०.६ | ५५.६ |
| अधिकतम तापक्रम ($^0$सेन्टीग्रेड)को दायरा | ३८.३-४२.८ | ३६.३-४१.० | ३१.२-३७.५ |
| न्यूनतम तापक्रम ($^0$सेन्टीग्रेड)को दायरा | २३.६-२७ | २४.५-२७.० | २२.०-२६.० |
| अधिकतम सापेक्षिक आर्द्रता (%) को दायरा | ६८.९-८४.९ | ४०-६० | ५७-८२ |
| न्यूनतम सापेक्षिक आर्द्रता (%) को दायरा | २८.२-८४.४ | ३०-५० | ४५-६८ |
| हावाको गति (मि/से) को दायरा | १.७५-१० | ६.५-१९ | ३-९ |
| हावाको दिशाको दायरा | पूर्व- दक्षिण-पश्चिम | दक्षिण पूर्व - दक्षिण पश्चिम | दक्षिण पूर्व –पूर्व |

### ७ जेठ २०७३ देखि १३ जेठ २०७३ सम्मको मौसमी अवस्था

| मौसमी विवरण | जिल्ला | | |
|---|---|---|---|
| | बाँके | रुपन्देही | बारा |
| कुल वर्षा (मि.मी.) | ७६.७ | ५७.९ | ६९.८ |
| अधिकतम तापक्रम ($^0$सेन्टीग्रेड)को दायरा | ३२.५-३८.० | २९.८-३६.७ | २९.४-३६.५ |
| न्यूनतम तापक्रम ($^0$सेन्टीग्रेड)को दायरा | २०.०-२७.० | २०.८-२७.९ | २१.६-२६.६ |
| अधिकतम सापेक्षिक आर्द्रता (%) को दायरा | ८१.२-१०० | ६५-९२ | ६२-९६ |
| न्यूनतम सापेक्षिक आर्द्रता (%) को दायरा | ३९.९-६८.६ | ४५-६५ | ३८-८० |
| हावाको गति (मि/से) को दायरा | १.७५-६ | २.५-१८.५ | ३.२५-६.२५ |
| हावाको दिशाको दायरा | पूर्व- दक्षिण-पश्चिम | पूर्व - दक्षिण पश्चिम | पूर्व – दक्षिण पूर्व |

# कृषि-सल्लाह

## क. मौसमी विश्लेषण

### गत हप्ताको समग्र मौसमी विश्लेषण

*बाँके:* गत हप्ताको दिउँसोको तापक्रम ३८° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ३९.९% रह्यो।

*रुपन्देही:* गत हप्ताको दिउँसोको तापक्रम ३६.७° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ४५% रह्यो।

*बारा:* गत हप्ताको दिउँसोको तापक्रम ३६.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ३८% रह्यो।

गत हप्ताको मौसम पूर्वानुमान अनुसार स्थानीय वायु र न्यून चापीय रेखाको प्रभावका कारण बाँकेमा (७६.७), रुपन्देहीमा (५७.९ मि.मि.) र बारामा (६९.८ मि. मि.) वर्षा भयो। साथै वर्षाका कारण बाँके, रुपन्देही र बारामा अघिल्लो हप्तामा भन्दा अधिकतम तापक्रममा गिरावट आयो।

### आउँदो हप्ताको मौसमी अवस्था (बाँके)

आगामी हप्ताको शुरुमा मौसम सामान्य बदली भई मेघ गर्जन सहित सामान्य बर्षा हुने संभावना छ। साताको मध्यपछि आंशिक बदली रहनेछ। मौसम बदलीको कारण अधिकतम तथा न्यूनतम तापक्रममा केहि घटबढ हुनेछ।

## ख. बालीनाली

### १. धान

- वर्षे धानबालीबाट राम्रो उत्पादन लिन सिंचित क्षेत्रका लागि सिफारिस गरिएका जातहरु स्वर्णा सव-१, साबित्री, मकवानपुर-१, रामधान, लल्का बासमती र असिंचित क्षेत्रका लागि सिफारिस गरिएका जातहरु सुख्खा धान-१, सुख्खा धान-२, सुख्खा धान-३ सुख्खा धान-४, सुख्खा धान-५ सुख्खा धान-६, तरहरा-१, हर्दिनाथ-२, राधा-४, राधा-११ र लोकतन्त्र तथा घैया धानका लागि विन्देश्वरी, घैया-१ र घैया-२ लगाउनु उपयुक्त हुन्छ। तसर्थ यी जातका धानहरुको वीऊको ब्यबस्था गर्नुहोला।
- धान खेतमा पात वेरुवा कीराको प्रकोप २५-३०% सम्म देखिएमा विषादीको प्रयोग नगर्नुहोला (मित्रजीव कीराहरु नष्ट हुने भएकोले) तर ३०% भन्दा बढी क्षती देखिएमा मात्र *अल्फा म्याथ्रिन* १०% इ.सी., १.५ एम.एल. प्रति लिटर पानीमा मिसाएर २० लिटर प्रति कठ्ठाको दरमा धानको पात भिज्ने गरी छर्नु पर्दछ।
- धानबालीमा पतेरो कीराको प्रकोप देखिने समय भएकोले सो समयमा छोटो अवशेष रहने विषादीहरु छर्कनु उपयुक्त हुन्छ। यसको व्यबस्थापनको लागि *डाइक्लोरोभस ७६ इ. सी. २* एम. एल. एक लिटर पानीमा घोलेर छर्नुपर्दछ। यो विषादी छर्कदा मुखमा मास्क अनिवार्य लगाउनु पर्दछ।

***धानको ब्याड तयार गर्ने विधि***

धानको धुले वा हिले दुवै किसिमको ब्याड तयार गर्न सकिन्छ। ब्याड बनाउँदा १ मीटर चौडाई र जमीन हेरी लम्बाई कायम गर्न सकिन्छ। धुले ब्याड बनाउँदा दुई ब्याडको बीचमा ४०-५० से.मी. (दुई बित्ता) को नाली बनाउनु पर्दछ। यसो गर्दा बीउ राखेपछि माटोले छोप्न, विषादी छर्न र झारपात उखेल्न सजिलो हुन्छ।

धुले ब्याडको लागि बुर्बुराउँदो माटो बनाई तयार गरी सुख्खा बीउ छर्नुपर्दछ भने हिले ब्याडको लागि टुसाएको बीउ राख्नु पर्दछ। टुसाउनको लागि बीउलाई २४ घण्टासम्म अँध्यारो ठाउँमा राखी बोराले छोपिदिनु पर्दछ। यसरी टुसाएको बीउलाई माटो राम्ररी बसेको छिपछिपे पानी भएको ब्याडमा राख्नुपर्दछ। पानी बढी भएमा बीउको टुसा मर्न सक्छ। ब्याडमा कीरा तथा रोगको प्रकोप भएमा सोही अनुसार प्राविधिकको सल्लाह लिई विषादीको प्रयोग गर्नु पर्दछ।

## स्वस्थ धानको बीउ छानौं, उत्पादन बढाऔं

धानबालीमा धैरै किसिमका रोगहरु लाग्दछन्। ती मध्ये केही बीउबाट सर्दछन। सबै किसिमका रोगले बीउको गुणस्तर र स्वास्थ्यमा असर पार्दछ जसको कारण बीउ रोगी हुन्छ। रोगी बीउ साधारणतया साना, आकार बिग्रिएका, चाउरिएका, दाग भएका र सेप्रा हुन्छन्। त्यस्ता बीउ स्वस्थ बीउ भन्दा तौलमा हलुका हुन्छन्। यदि हलुका बीउलाई छुट्याएर गह्रौं बीउलाई मात्र बीउको रुपमा प्रयोग गरेमा धानको उत्पादन र गुणस्तर बढ्छ।

## स्वस्थ धानको बीउ छान्ने विधि

३ लिटर पानीमा लगभग ५०० देखि ६०० ग्राम नून एउटा वाल्टीनमा राम्ररी घोल्ने (मसिनो धानको लागि ५०० ग्राम र मोटा धानको लागि ६०० ग्राम) घोलिएको नून पानीमा एक के. जी. जति धान खन्याउने, एकैछिन चलाउने र एक मिनेट जति बीउलाई तैरिन/थिग्रिन दिने। तैरिएको बीउ र थिग्रिएको बीउलाई अलग-अलग झिकेर छुट्टै राख्ने। उक्त नून पानीको घोलबाट ३ के. जी. बीउ सम्म छान्न सकिन्छ। बीउको मात्रा धैरै वा थोरै भए सोही अनुरुप नून पानीको घोलको मात्रा बढाउन वा घटाउन सकिन्छ। थिग्रिएको बीउलाई सफा पानीले राम्ररी पखाली ब्याड राख्ने वा छरुवा धान भए सिधै छर्ने। यसरी छानेको बीउलाई सोही दिन ब्याड नराख्ने वा नछर्ने भए बीउलाई पानीले पखाली छहारीमा राम्ररी सुकाएर राख्न सकिन्छ। तैरिएको बीउलाई पानीले पखालेर र सुकाएर अन्य प्रयोजनमा ल्याउन सकिन्छ।

## २. वर्षे मकै

- वर्षे मकै खेतीबाट राम्रो उत्पादन लिनको लागि सिफारिस गरिएका रामपुर कम्पोजिट, अरुण-१, अरुण-२ र रामपुर-२ मकैका जातहरु ६५० ग्राम देखि १ के. जी. बीउ प्रति कठ्ठामा लगाउने तर छिटो पाक्ने र ढिलो रोप्दा पनि हुने जातको लागि अरुण-१ र अरुण-२ को चयन गर्नु उपयुक्त हुन्छ।
- वर्षे मकै लगाउनु २०-२५ दिन पूर्व ३००-५०० के. जी. प्रांगारिक मल  माटोमा राम्रोसँग मिलाउने र २ के. जी. ७५० ग्राम  डि. ए. पि. १ के. जी. ६४० ग्राम युरिया तथा २ के. जी. ११० ग्राम म्युरेट अफ पोटास प्रति कठ्ठाको दरले जमिनको अन्तिम तयारीको बेला माटोमा प्रयोग गर्नुपर्दछ।
- आगामी हप्ता आंशिक बदली भई पानी पर्ने सम्भावना भएकोले चिस्यानको अवस्था हेरेर मात्र मकैमा सिँचाइ गर्नु उपयुक्त हुन्छ।

## ३. गहुँ

- बीउमा कीरा लाग्न नदिनको लागि भण्डारण गरेको गहुँलाई नियमित अवलोकन गर्नुपर्दछ।

## ४. उखु

- उखु रोपेको ८०-९० दिनमा गोडमेल गरि माटो चढाउने बेलामा १.७५ के. जी. युरिया मल प्रति कठ्ठाको दरले प्रयोग गर्नुपर्दछ। युरिया मलको प्रयोग गर्ने बेलामा खेतमा प्रशस्त चिस्यान हुनुपर्ने भएकोले यदि चिस्यानको कमी भए सिँचाई गरेर मात्र युरिया मलको प्रयोग गर्नु पर्दछ।
- उखु बालीमा माटोको सतहमा नयाँ गुबोमा एक भन्दा बढी स-साना प्वालहरु देखिएमा टुसा पसाउने गवारो *(Early shoot borer)* को प्रकोप हुने सम्भावना भएकोले यसको प्रकोप कम गर्न ३ ईन्च जति माटो चढाउने र हल्का सिँचाईको ब्यबस्था गर्दा यो कीरा नियन्त्रण गर्न सकिन्छ।

## ५. भटमास

- भटमास जेठ महिनामा लगाई सक्नु पर्ने भएकोले सिफारिस गरिएका पूजा, हार्डि र कब जातहरु लगाउन उपयुक्त हुन्छ।
- भटमासको एकल खेती गर्दा १.५-२.० के. जी. र मकैभित्र लगाउँदा १.०-१.५ के. जी. बीउ प्रति कठ्ठाको लागि आवश्यक हुन्छ।

- भटमास लगाउने जग्गामा २.९५० के. जी. यूरिया तथा १.१३० के. जी. म्युरेट अफ पोटास प्रति कठ्ठाका दरले जमीनको अन्तिम तयारीको बेला माटोमा प्रयोग गर्नुपर्दछ।
- भटमास एकल बालीको रुपमा लाईनमा लगाउँदा एक हार देखि अर्को हारको दूरी ५० से. मी. र बोटको दूरी १०-१५ से. मी. मा बीउलाई ३-४ से. मी. गहिरोमा रोप्नुपर्दछ।

## ६. फलफूल बाली

- केरा खेतीको लागी तरवारपाते कोथ्रा छानी गानालाई *वेभिष्टिन* २ ग्राम प्रति लिटर पानीको घोलमा १५ मिनेट डुबाइ रोप्नुपर्दछ।
- केराको घरीमा काईयो बनिसकेर कोसा लाग्न छोडेको छ भने बुङ्गा काटेर हटाउनु पर्दछ।
- केरामा फल लागिसकेपछि केराको घरीमा १% *बोर्डेक्स* मिश्रण (एक लिटर पानीमा १० ग्राम चुन, १० ग्राम निलो तुथो मिसाएको झोल) १-१ महिनाको अन्तरमा छर्दै गर्नाले कोत्रेरोग (Anthracnose) को व्यवस्थापन हुन्छ।
- केरामा *पोटासियम*को कमि भएमा पुराना पातको टुप्पो पहेँलो हुने तथा भित्रै बांगिएर मर्ने (Chlorosis), बोटको आँख्ला छोटो भई होचो हुने तथा केराको काईंयो छोटो, पातलो, फलको आकार बिग्रिने हुनाले पुष-माघमा *पोटास* नराख्नु भएको भए यसै महिनामा ४०० ग्राम *म्युरेट अफ पोटास* प्रति बोट प्रति वर्षको दरले राख्नु पर्दछ।
- बढ्दो तापक्रमको साथै लगातार वर्षा भई आर्द्रता बढी भएमा आँपमा कोत्रे रोग *(Anthracnose)* लाग्दछ। छिप्पिएका वा भण्डारण गरिएका फलमा यो ढुसी लागेमा काला, गोलाकार दागहरु देखिन्छन् र फल नरम भएर कुहिएर जान्छ। यसैले रोग लागेका हाँगाहरु काँटछाँट गरी, झरेका पातहरु जलाउनु पर्दछ। साथै १% *बोर्डो* मिश्रण वा *ब्लाईटक्स-५०*, २ ग्राम प्रति लिटर पानीमा घोली १०-१५ दिनको फरकमा ३-४ पटक छर्नुपर्दछ।
- आँपमा चुसाहा (कत्ले, लाही, फड्के) कीराहरुले रुखको पात तथा हाँगाहरुमा चुसेर त्यसमा एक प्रकारको मह जस्तो गुलियो पदार्थ छाड्दछ र त्यसैमा ढुसीको विकास हुन्छ। यस्तो ढुसीले पुरै पात, काण्ड वा फलको सतहमा कालो पत्रले ढाकिदिन्छ। यस्तो कालो पत्रे *(sooty mold)* को व्यवस्थापनको लागि *एट्सो* वा *सर्वो* तेल १०-१५ एम एल प्रति लिटर पानीमा घोली २-३ पटक छर्नु पर्दछ।
- हावा हुरी चल्ने समय भएकोले यसबाट जोगाउन अग्ला र घरी लागिसकेका केराको बोटलाई टेको लगाउनु पर्दछ।

## तरकारी बालीहरु

- खनेको प्याजको बोटलाई २-३ दिन छाँयामा फिँजाएर मात्र टुप्पा काटी गाना अलग गर्नुपर्दछ। रोग लागेर बिग्रेको गानालाई हटाई केहि दिन सुकाएर प्याजको साईज अनुसार छुट्याएर भण्डारण गर्नुपर्दछ। साधारण अवस्थामा प्याजलाई खुला हावा लाग्ने बाँसको वा अन्य -याकमा भण्डारण गर्नुपर्दछ अथवा भण्डारणको लागि शित भण्डारमा पठाउनुपर्दछ ।
- भिण्डीमा फल र डाँठमा प्वाल पार्ने कीराको प्रकोप हुने हुँदा नियमित अवलोकन गर्नुपर्दछ। यस्तो लक्षण देखिएमा क्षती भएको भाग काटेर जलाई दिनुपर्दछ ।
- भिण्डीमा फड्के कीरा *(Jassid)* को समस्या देखिने हुनाले फल टिप्ने अवस्था भन्दा पहिले यसको प्रकोप देखिएमा *फिप्रोनील ८० डब्लु. पी.* ५ ग्राम १६ लिटर पानीमा घोलेर छर्नुपर्दछ। वा *इमिडाक्लोप्रिड १७.८ एस् एल्* एक एम. एल. एक लिटर पानीमा घोलेर छर्नुपर्दछ। फल टिप्ने अवस्था छ भने *मालाथियन ५० इ. सी.* २ एम. एल. एक लिटर पानीमा घोलेर छर्नुपर्दछ। *वा डाइक्लोरोभस ७६ इ. सी.* २ एम. एल. एक लिटर पानीमा घोलेर छर्नुपर्दछ। *मालाथियन* छर्केको ७ दिनसम्म र *डाइक्लोरोभस* छर्केको ५ दिनसम्म फल टिप्न हुँदैन ।

- भण्टाको डाँठ तथा फलको गबारो व्यवस्थापनको लागी गवारोको कारण ओईलाएको मुन्टा, पात तथा फल टिपी करीव १ फुट गहिरो खाडलमा पुर्ने वा जलाउने। *क्लोरानट्रानिलिप्रोल (कोराजेन)* १८.५ इ.सि. ०.२ मि.लि. प्रति लिटर पानीमा मिसाई बोट भिज्ने गरी छर्ने ।
- गोलभेंडाको फलको गवारो व्यवस्थापनको लागी कुहिएको फल टिपी करीव १ फुट गहिरो खाडलमा पुर्ने। साथै माटोमा चिस्यान कायम राख्ने र यसको व्यवस्थापनको लागी १० ग्राम भेली प्रति लिटर पानीमा मिसाई बनाएको घोलमा *Ha*NPV (*हेली* एन. पि. भी ) २५० LE को १.५ मि.लि हालेर साँझको समयमा स्प्रे गर्नुपर्दछ, वा *क्लोरानट्रानिलिप्रोल (कोराजेन)* १८.५ इ.सि. १.० मि.लि. प्रति लिटर पानीमा मिसाई बोट भिज्ने गरी स्प्रे गर्नुपर्दछ ।
- खुर्सानीमा भाइरस रोग लागेको भएमा *भिर्कोन एच* झोल १ एम. एल. प्रति लिटर पानीमा मिसाइ छर्कनु पर्दछ।
- काँक्रो, फर्सी समुहको लहरे बालीमा *पाउडरी मिल्ड्यु*को प्रकोपबाट बच्नको लागि *क्याराथेन* २ एम. एल. प्रति लिटर पानीमा घोली छर्नुपर्दछ। साथै यो समयमा *डाउनी मिल्ड्यु* लाग्न सक्ने भएको हुनाले यसको प्रकोपबाट बच्नको लागि *डाइथेन एम-४५;* २ एम. एल. प्रति लिटर पानीमा घोली छर्नुपर्दछ ।
- लौकामा *गमी स्टिम ब्लाइट* (डाँठमा चोप निस्कने डढुवा) देखिएको खण्डमा *ब्लाइटक्स ५०%* (५०% कपर) ५ ग्राम प्रति लिटर पानीमा घोलेर बिरुवाको डाँठमा लेपन गर्नुपर्दछ। साथै १५ दिनको फरकमा *ब्लाइटक्स ५०%* २ ग्राम प्रति लिटर पानीमा घोलेर स्प्रे गर्नुपर्दछ ।
- फल दिने बाली गोलभेँडा, भण्टालाई अरु बाली भन्दा अलि बढि खाद्यतत्वको आबश्यक्ता हुने भएकोले पहिलो बाली टिपिएको हरेक १५-२० दिनको फरकमा *युरिया* मल १० ग्राम प्रति बोटको दरले टपड्रेस गर्नुपर्दछ। यस्तै गरि सुक्ष्म खाद्य तत्व जस्तै- *मल्टिप्लेक्स / ट्रिप्लेक्स / एग्रोमिन* लाई २ एम् एल् प्रति लिटर पानीमा घोलेर बोटमा स्प्रे गर्नुपर्दछ ।

## फल कुहाउने औंसा

- काँक्रो, फर्सी, समुहको लहरे बालीमा फल कुहाउने औँसाबाट बच्नको लागि *क्यु ल्युर* युक्त बोटल ट्र्याप प्रति कठ्ठा ३-४ ओटाको दरले राख्नुपर्दछ। साथै प्रत्येक २ हप्तामा नयाँ *क्यु ल्युर* युक्त बोटल परिवर्तन गर्नुपर्दछ ।
- फलफूल बालीमा फल कुहाउने औँसाबाट बच्नको लागि *मिथायल इयुजिनल* युक्त बोटल ट्र्याप प्रति कठ्ठा १ ओटाको दरले राख्नुपर्दछ। साथै प्रत्येक २ हप्तामा नयाँ *मिथायल इयुजिनल* युक्त बोटल परिवर्तन गर्नुपर्दछ।
- *मालाथियन ५० इ.सी,* २ एम.एल प्रति लिटर र २ ग्राम चिनी (भेली) पानीमा मिसाएर प्रति हेक्टर २०-२५ ठाँउमा फूल फुल्नु अगाडि देखि १-१ महिनाको अन्तरमा छर्ने ।

## रातो खपटे कीरा

काँक्रो, फर्सी समुहको लहरे बालीमा रातो खपटे कीराबाट बच्नको लागि

- लार्भाहरु जमीनको सतह भन्दा अलिकति मुनी बस्ने भएकोले समय समयमा गोडमेल गर्नु उपयुक्त हुन्छ ।
- कीराले विहान र बेलुका नोक्सानी पुर्याउने भएकोले साँझपख *कार्वोक्सिल (५०% डब्लु. पि.)* २ ग्राम प्रति लिटरको दरले माटो र बोट भिज्ने गरी छर्नु पर्दछ ।

## लाही कीरा (*एफीड* )

- १ भाग गाईको गहुँत र ४ भाग पानी मिसाएर रातभरी राखेर लाही लागेको ठाँउमा भिज्ने गरी भोलीपल्ट छर्कनु राम्रो हुन्छ ।
- मालाथियन ५० इ.सी., २ मि.लि. प्रति लिटरको दरले पानीमा मिसाई लाही लागेको ठाँउमा भिज्ने गरी छर्कनु उपयुक्त हुन्छ ।
- नयाँ पालुवामा लाही, लिफ माईनर, सुलसुले लाग्ने भएमा सबई वा एट्सो तेल १५ मि.लि. प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा छर्नु उपयुक्त हुन्छ ।

### अन्य

- खेतबारीमा देखिने सबै कीराहरु हानिकारक हुदैनन्। तसर्थ कीरा देखिने बित्तिकै विषादीको प्रयोग नगरौं। मित्रजीव कीराहरु जस्तै माकुरा, गाइने कीरा, सात थोप्ले खपटे कीरा, बारुला, नमस्ते कीरा *(प्रेइङ्ग मेन्टीड)* देखिएमा तिनीहरुको संरक्षण र सम्बर्धन गरौं ।
- मौरी घारमा रोग, सुलसुले र रानु भए नभएको नियमित अवलोकन गर्नुपर्दछ ।

## ग. पशुपालन

- बाख्राको मोओलाको लागी ५% *पोभीडन आयोडिन* वा १% *कपर सल्फेट* वा २% *बोरिक एसिड*को झोल वा १% पोटासको घोलले मुख सफा गर्नु उपयुक्त हुन्छ। मोओलाको भाइरस घाउ, चोटपटक लागेको वा काटेको ठाँउबाट मानिसमा सर्न गई त्यस्तै प्रकारको घाउ खटिरा आउन सक्ने हुनाले त्यस्तो रोगी बाख्रालाई घाउ चोटपटक नलागेको मान्छे वा पन्जा लगाएर स्याहार सुसार गर्नुपर्दछ ।
- *पि.पि.आर* रोग लागेका बाख्राको आँखा, नाक, मुख (थुतुनो) मनतातो पानीमा सफा कपास भिजाई दिनमा २ पटक सफा गर्नुपर्दछ। साथै ५% *बोरो-ग्लिसिरिन*ले मुख सफा गर्नु लाभदायी हुन्छ। सहायक संक्रमण रोकथाम गर्न *अक्सीटेट्रासाइक्लिन* वा *क्लोरटेट्रासाइक्लिन* औषधी प्रयोग गर्न सकिन्छ। पि.पि.आर रोग लाग्न नदिन ३ महिना भन्दा माथिका भेडा-बाख्रामा सो रोगको भ्याक्सिन लगाउनु उपयुक्त हुन्छ ।
- खोरेत लागेका पशुहरुको मुख तथा खुट्टाको घाउ फिटकिरी पानी वा निलोतुथोको घोल अथवा वेटाडीनले नियमित सफा गर्नु पर्दछ। घाउ तथा संक्रमण अधिक भएमा प्राविधिकको सल्लाहमा *एन्टीवायोटीक* औषधीहरु खुवाउनुपर्दछ। साथै खोरेत रोग लाग्न नदिन पशु सेवा कार्यालयको समन्वयमा सो रोगको भ्याक्सिन ६-६ महिनामा लगाउनु उपयुक्त हुन्छ ।
- माछा पोखरीमा *एमोनिया*को मात्रा बढी भएमा पोखरीमा माछाको घनत्व कम गर्ने, दानाको मात्रा घटाउने, पानीको गहिराई बढाउने, एरेटरको संख्या बढाउने आदी गर्न सकिन्छ। मरेका माछालाई तत्काल हटाउनुपर्दछ। अपरान्हमा अत्याधिक पिएच (pH) हुने गरेको भए चूना प्रयोग गर्दा केही लाभदायी हुन्छ। *एमोनिया*को मात्रा १ पिपिएम (PPM) छ भने पोखरीको २५% पानी विस्थापन गर्नुपर्दछ। एमोनिया २.५ पिपिएम (PPM) वा बढी भएमा माछालाई अर्को पोखरीमा सार्नुपर्दछ ।
- गर्मी मौसममा कुखुरामा देखा पर्ने लक्षणहरु जस्तै- चाँडो-चाँडो सास फेर्ने, पानी धेरै खाने, दाना कम खाने, पखेटा र खुट्टा फालेर बस्ने, अण्डा उत्पादनमा कमी आउने, खोरमा कुखराहरुको मृत्यु हुने आदी भएमा पर्याप्त भेन्टीलेसन प्रदान गर्ने, कुखुराको घनत्व कम गर्ने, तापक्रम अधिक रहेका बेला (दिँउसो १२-३ बजे सम्म) दाना नदिने, पर्याप्त मात्रामा सफा, चिसो पानीको व्यवस्था गर्नु पर्दछ। साथै पानीमा *इलेक्ट्रोलाईट* र *मल्टी भिटामीन* राखेर दिन सकिन्छ ।
- गर्मी मौसममा कुखुराको भालेको प्रजनन क्षमतामा कमी आउने हुनाले *ब्रिडिङ्ग स्टक*मा भालेको संख्या बढाएर १२-१५% सम्म राख्नुपर्दछ। साथै दानामा *भिटामीन-ई* तथा *सेलेनियम*को मात्रा बढाउनु उपयुक्त हुन्छ ।

~§§§§§§§§§§§§§§§§§§~